जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुट्छ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक १११ | २०८२ साल मंसिर २० गते शनिवार | Saturday-06-December-2025 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

# एसपी नरेन्द्र कुँवरको कडा प्रतिबद्धता : "खुला सीमा कडाइ, सुशासनयुक्त कार्यशैली र परिणाममुखी प्रहरी सेवा"

***शु.आ. सम्बाददाता***
***कलैया, १८ मंसिर***

बारा जिल्लामा सरुवा भएर आएका प्रहरी उपरीक्षक (एसपी) नरेन्द्र कुँवरले आफ्नो कार्यकाललाई 'कडाइ, पारदर्शिता र परिणाममुखी सेवा' को रूपमा अघि बढाइने घोषणा गरेका छन् । शुक्रबार बारा जिल्लाका पत्रकारहरूसँग आयोजित परिचयात्मक कार्यक्रममा उनले जिल्लाको संवेदनशीलता, बढ्दो अपराध, तस्करी नियन्त्रण र सुशासन कायम गर्ने लक्ष्यसहित कार्ययोजना सार्वजनिक गरेका छन् ।




एसपी कुँवरले बारा खुला सीमा क्षेत्र भएकाले सीमा सुरक्षा नै प्राथमिकतामा रहने बताउँदै, चोरी-तस्करी, लागुऔषध दुरुपयोग, मानव बेचबिखन तथा अन्य अपराध नियन्त्रणमा शून्य सहिष्णुता नीति अनुसार कडाइका साथ काम हुने समेत स्पष्ट गरेका छन् । उनले भने,"बारा संवेदनशील जिल्ला हो । सीमा सुरक्षादेखि लागुऔषध नियन्त्रणसम्म कुनै पनि क्षेत्रमा कमजोरी सह्य हुँदैन । प्रहरी नागरिकसँग जोडिनुपर्छ, द्रुत प्रतिक्रिया, पारदर्शी सेवा र पेशागत निष्पक्षता नै मेरो कार्यशैली हुनेछ ।"

कार्यक्रममा एसपी कुँवरले राजनीतिक दबाब, प्रभाव वा कुनै अनावश्यक हस्तक्षेपलाई स्वीकार नगरिने उल्लेख गरेका छन् । उनले प्रहरी थप व्यावसायिक, निष्पक्ष र जवाफदेही बनाउने लक्ष्य रहेको बताएका छन् । उनका अनुसार "प्रहरी संगठनमा व्यावसायिकता र निष्पक्षता नै प्रमुख मान्यता हो । राजनीतिक प्रभावमा परेर काम गर्ने प्रवृत्ति सह्य हुँदैन ।"

बारा जिल्लामा तीव्र रूपमा फैलिरहेको लागुऔषध दुरुपयोग, सीमा नाकाबाट हुने चोरी-तस्करी तथा स्थानीय तहसम्म देखिने अनियमितता रोक्न विशेष सुरक्षा रणनीति लागू गरिने उनले स्पष्ट गरे । सुरक्षा चुनौती बढ्दै गएको उल्लेख गर्दै उनले प्रहरीको प्रतिक्रिया अझ तीव्र, कडा र प्रभावकारी हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा सहभागी पत्रकारहरूले समाचार संकलनमा प्रहरी अधिकारीहरूले फोन नउठाउने, सूचना दिन ढिलाइ गर्ने तथा संवेदनशील घटनामा सहयोग नगर्ने समस्या राखेका थिए । पत्रकारहरूले सुरक्षा जोखिमका घटनामा प्रहरीको सक्रियता बढाउन माग गर्दै पत्रकार-मैत्री वातावरण बनाउन एसपीसँग आग्रह समेत गरेका थिए ।

त्यस्तै, केही प्रहरी युनिटका इन्चार्जहरूबीच मिलेमतोमा तस्करी भइरहेका आरोप पनि पत्रकारहरूले सार्वजनिक गर्दै, नयाँ एसपीलाई यस्ता गतिविधि तुरुन्त रोक्न सुझाव दिए । पत्रकारहरूको गुनासो तथा सुझावबारे प्रतिक्रिया दिँदै एसपी कुँवरले प्रहरी-पत्रकार सहकार्य सुदृढ बनाइने बताएका छन् । जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयमा पारदर्शिता, द्रुत सेवा र आवश्यक जानकारी उचित रूपमा उपलब्ध गराइने आश्वासन दिए । कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सिकेन्द्र पासवान, बारा जिल्ला अध्यक्ष रमेश सुबेदी, उपाध्यक्ष पनालाल दास, सचिव पुष्पराज खतिवडा लगायत जिल्लाका सक्रिय पत्रकारहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

बारा जिल्लामा नयाँ एसपीको आगमनसँगै सुरक्षा, सुशासन र तस्करी नियन्त्रणमा "कडा सुरुवात" को संकेत प्रष्ट देखिन थालेको छ ।

# पत्रकार साजिर मन्सुरलाई मातृशोक



***शु.आ. सम्बाददाता***
***कलैया, १८ मंसिर***

बाराका पत्रकार तथा नेपाल पत्रकार महासंघ मधेश प्रदेशका सदस्य, विश्वास एफएमका प्रबन्ध निर्देशक तथा यस दैनिकका संवाददाता साजिर मन्सुरलाई मातृशोक परेको छ ।

मन्सुरकी आमा ८५ वर्षीया सनकेशा खातुनको शुक्रबार दिउँसो निधन भएको परिवारले जनाएको छ । केही समयदेखि दम (श्वासप्रश्वास) सम्बन्धी समस्याबाट पीडित रहिएकी खातुनलाई शुक्रबार अचानक स्वास्थ्य अवस्था गम्भीर बनेपछि परिवारजनले उपचारका लागि प्रयास गरे पनि बचाउन सकिएन ।

उनीप्रति अन्तिम श्रद्धाञ्जलिसहित कलैया उपमहानगरपालिका-३ भवानीपुरस्थित घरमै धार्मिक विधिअनुसार अन्त्येष्टि गरिएको परिवार स्रोतले जनाएको छ ।

मन्सुर परिवारप्रति गहिरो समवेदना प्रकट गर्दै, दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दछौं ।

# गढीमाई मन्दिरको ऐतिहासिक पोखरी फोहरले भरिँदै, स्थानीय आक्रोशित

***शु.आ. सम्बाददाता***
***कलैया, १८ मंसिर***

बाराको महागढीमाई नगरपालिकास्थित विश्वप्रसिद्ध गढीमाई मन्दिर परिसरको ठूलो ऐतिहासिक पोखरी पछिल्लो समय फोहर-मैला र दुर्गन्धले भरिँदै गएपछि भक्तजनदेखि स्थानीय बासिन्दासम्म चिन्तित बनेका छन् । धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण मानिने यो पोखरी मेलापर्व, पूजा-अर्चना र पर्यटक आकर्षणको केन्द्र हो । तर विगत केही महिनादेखि यसको व्यवस्थापनमा देखिएको चरम उदासीनताले पोखरीको सौन्दर्य मात्र होइन, समग्र धार्मिक पर्यटनको छवि नै धुमिल बनाइरहेको छ ।



पोखरीमा प्लास्टिक, कुहिने पदार्थ, गुट्खा-सिगरेटका भरिया, त्यागिएका पूजाका सामग्री तथा घरायसी फोहरसम्म थुप्रिँदा पानी बाक्लिँदै गएको छ । किनारका ढुंगागिट्टी झारपातले ढाकिँदै गएको छ भने दुर्गन्ध फैलिन थालेपछि स्थानीयको दैनिकी जीवनसमेत प्रभावित भएको छ ।

देश-विदेशबाट गढीमाईको दर्शनका लागि आउने भक्तजनले पोखरीको दयनीय अवस्था देखेर निराशा व्यक्त गर्ने गरेको स्थानीय युवा आशिष चौरसियाले बताए ।

समाजसेवी रामजी यादव पनि पोखरीको बिग्रँदो स्वरूपप्रति असन्तुष्ट छन् । उनका अनुसार, पोखरी नजिकका बासिन्दाले राति-राति अनियमित रूपमा फोहर फालिने गरेको र नगरपालिकाले फोहर उठाउने काम समयमै नगर्ने गुनासो गरेका छन् । दैनिक दुर्गन्धका कारण स्थानीय जीवनस्तरमा समेत समस्याहरू उत्पन्न भएको उनीहरूको भनाइ छ ।

यस विषयमा प्रतिक्रिया लिन गढीमाई नगरपालिकाका मेयर उपेन्द्र यादवलाई सम्पर्क गर्दा फोन उठेन । नगरपालिकाका अन्य कर्मचारीहरूले सफाइका लागि योजना प्रक्रियामा रहेको बताए पनि कुनै ठोस कदम नदेखिएको स्थानीयको आरोप छ ।

स्थिति दिनदिनै जटिल बन्दै गएपछि स्थानीय युवा, आमा समूह र स्वयंसेवीहरूले अब नगरपालिकाको प्रतिक्षा गर्न नसकिने भन्दै आगामी हप्तादेखि स्वयंस्फूर्त पोखरी सफाइ अभियान सुरु गर्ने तयारी गरेका छन् । उनीहरूका अनुसार,"गढीमाई मन्दिरको पहिचान जोगाउन पोखरीको संरक्षण अत्यावश्यक छ । नगरपालिका मौन बस्यो भने हामी मौन बस्दैनौं ।"

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

# मधेसलाई बदनाम र उजाड बनाउने मधेसवादी दलबाट सचेत रहन प्रभु साहको आग्रह

***महोत्तरी, १८ मंसिर***

आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले मधेसवादी दलको कुकर्मले मधेस बदनाम र उजाड बनेको बताएका छन् ।

महोत्तरीको बर्दिवासमा आज (शुक्रबार) आजपा महोत्तरी क्षेत्र नं. १ को क्षेत्रिय भेलालाई सम्बोधन गर्दै अध्यक्ष साहले समृद्ध मधेस बनाउने चाहना र इच्छाशक्ति मधेसवादी दलमा नभएको टिप्पणी गरे ।




'अहिले तपाईहरु हेर्नुहुन्छ भने मधेसवादी दलहरुको कुकर्मले मधेसलाई बदनाम गर्ने, उजाड बनाउने काम भएको छ । मुख्यमन्त्री र सरकार बनाउने खेलमा लागेका छन् । सरकार बनाउने र गिराउने खेलले मधेस समृद्ध हुदैन,' आजपा अध्यक्ष साहले भने, 'मधेसलाई उजाड बनाउनेले मधेसलाई समृद्ध बनाउने योजना ल्याउनुपर्थ्यो तर यि मधेसवादी भनाउदाहरु केवल सरकार बनाउने, गिराउने खेलमा लागेका छन ।' मधेसलाई समृद्ध बनाउने कुनै पनि योजना मधेसवादी दलहरुसंग नभएको बताउदै उनले सत्तामा रमाउन नयाँनयाँ गठबन्धन बनाउने र भत्काउने खेलमा रमाउन थालेको बताए । मावन विकास सूचांकमा मधेस सबैभन्दा पछाडी रहेको भए पनि सरकारले त्यस बारेमा कुनै चासो नराखेको उनले बताए ।

'मधेसवादी दलहरुको विगत र वर्तमान स्पष्ट छ । केन्द्रदेखी प्रदेशसम्म केवल सरकारमा जाने र रमाउने बाहेक अरु केही उपलब्धि छैन् । मधेसलाई उजाड बनाउनेहरुले मधेसलाई समृद्ध बनाउन के गरे ? गम्भिर प्रश्न रहेको छ । यस बारेमा हामी सचेत भएनौ भने मधेसलाई यिनीहरुले कंगाल बनाउने छन । आउने निर्वाचनमा सचेत भएर मतदान गर्न आवश्यक छ,' आजपा अध्यक्ष साहले भने । मधेसको शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी लगायतका विविध समस्याका बारेमा मौन बस्ने मधेसवादी दलहरु सत्ताका लागि जस्तो सुकै सम्झौता गरेर सरकारमा सहभागि हुने तर काम नगर्ने कारणले आज मधेसका जनता निराश भएको उनले बताए ।

जनताको चाहना, आवश्यक्ता र अहिलेको चुनौति एवं समस्याका बारेमा आम जनता पार्टीले निरन्तर रुपमा आवाज उठाउदै आएको बताउदै आजपा अध्यक्ष साहले आम जनतालाई केन्द्रमा राखेर अगाडी बढीरहेको बताए । आउने दिनमा आम जनताको चाहना, र आवश्यक्ता अनुसार शिक्षा, स्वास्थ्य, यातायाात, खानेपानी, सिँचाई लगायतको विकासका लागि आम जनता पार्टीले ठोस काम गर्ने प्रतिबद्धता उनले व्यक्त गरे । 'मधेसलाई समृद्ध मधेस बनाउन सकिन्छ, त्यो योजना हामीसंग छ । जल, जंगल, जमिन सहित सुगम रहेको मधेसलाई समृद्ध मधेस बनाउनदै यहाँका आम जनतालाई हरेक किसिमको सेवा सुविधा दिने योजना हामीले ल्याउनेछौं,' आजपा अध्यक्ष साहले भने, 'तपाईहरुलाई थाहा छ, मौलापुर नगरपालिकामा निशुल्क खानेपानी, विधुत छ । शुन्य कर नीति छ, शिक्षा, स्वास्थ्य, यातायात, पोषणदेखी छोरीहरुलाई दिने हरेक सेवा सुविधा छ । ति सबै सेवा सुविधाहरु हामीले सम्पूर्ण मधेसबासी नागरिक, हरेक नेपालीलाई दिने योजना छ । त्यसका लागि तपाईहरुले आम जनता पार्टीलाई साथ र सहयोग गर्नुस ।'

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

### जेन-जी आन्दोलनका क्रममा आगजनी-तोडफोड : उत्तरदायित्वको प्रश्न र राजनीतिक संस्कारको क्षति

जेन-जी (जनता रोजगार-जीवन) आन्दोलन आफ्नै स्वरुपमा न्यायोचित माग उठाउने नागरिक अधिकारको अभिव्यक्ति हो । तर पछिल्ला दिनमा यी मागहरुसँगै आगजनी, तोडफोड र सार्वजनिक सम्पत्तिमा आक्रमण जस्ता घटनाहरु बढ्दै गएपछि आन्दोलनले मूल उद्देश्यभन्दा भिन्न दिशा लिएको चिन्ता बढेको छ । यस क्रममा संलग्न व्यक्तिहरुलाई प्रहरीले पक्राउ गरेको जानकारी सार्वजनिक भएको छ, तर यो घटनाले उठाएको गहिरो प्रश्न भने अझै अनुत्तरित छ – हिंसात्मक गतिविधिको नाइँ, जिम्मेवार राजनीतिक संस्कारको हो भने हामी कता उभिएका छौँ?

एकातिर जनतासँग सम्बन्धित मुद्दा, बेरोजगारी, सीमा सुरक्षा, महँगी र भ्रष्टाचारविरुद्ध उठेको आवाज महत्वपूर्ण छन्; तर अर्कोतर्फ सार्वजनिक सम्पत्ति जलाउने, प्रशासनिक कार्यालय तोडफोड गर्ने, सवारी साधनमा आगजनी गर्ने कार्य कुनै पनि हिसाबले आन्दोलनको माध्यम हुन सक्दैन ।

हिंसाले न त राज्य झुक्छ, न नागरिक समस्या समाधान हुन्छ– उल्टै नागरिक आन्दोलन नै कलंकित बन्छ, विद्रोहको वैधता कमजोर हुन्छ र राजनीतिक मुद्दाहरु अपराधको छायामा हराउन थाल्छन् ।

प्रहरीद्वारा पक्राउ परेकाहरुको कानुनी प्रक्रियाले यस्ता गतिविधिमा संलग्न जो-कोहीलाई स्पष्ट सन्देश दिन्छ– आन्दोलनको नाममा उग्रता र विध्वंस स्वीकार्य छैन । तर मात्र गिरफ्तारीले समस्या समाधान हुँदैन । यदि आन्दोलन किन हिंसात्मक मोडतर्फ धकेलियो भन्ने मूल कारण खोजिएन भने यस्ता घटनाहरु पुनः दोहोरिन सक्छन् ।

हिंसा र तोडफोडले न त समस्या समाधान गर्छ, न समाजलाई अघि बढाउँछ ।

शान्तिपूर्ण आन्दोलन नै लोकतन्त्रको मेरुदण्ड हो, र यसलाई सुरक्षित राख्नु सबैको साझा कर्तव्य हो । जेन-जी आन्दोलनका मुद्दा वास्तविक छन्; तर तिनको समाधान हिंसाबाट होइन, संवाद र उत्तरदायित्वपूर्ण राजनीतिक व्यवहारबाट मात्र सम्भव छ ।

# कृषिमा किन विदेशी सहयोग ?



जगन्नाथ काफ्ले

सैद्धान्तिक रूपमा वैदेशिक सहायता, राष्ट्रिय कृषि नीति र दिगो कृषि विकास एकअर्कासँग गहिरो र पूरक सम्बन्ध छ। तापनि व्यवहारमा आपसी समन्वय र कार्यान्वयन कमजोर भएकोले अपेक्षित नतिजा हासिल हुन सकेको छैन । ऐतिहासिक रूपमा हेर्दा सन् १९५० को दशक अर्थात् पहिलो पञ्चवर्षीय योजनादेखि नै वैदेशिक सहयोग र योजनाबद्ध कृषि विकासको अभ्यास नेपालमा सुरु भएको पाइन्छ । तर हाम्रो आन्तरिक आवश्यकता, स्रोत र वास्तविक परिस्थितिलाई ध्यानमा राखेर उपयुक्त कृषि नीति बनाउन र त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसकिँदा वैदेशिक सहयोगले देशलाई चाहिएको अनुरूपमा दीर्घकालीन फलदायी प्रभाव दिन सकेको छैन । यसको परिणामस्वरूप देशले आवश्यक खाद्यान्न उत्पादनको लक्ष्य पूरा गर्न र दिगो कृषि विकाससम्बन्धी लक्ष्यहरू हासिल गर्न समेत सकेको छैन ।

सन् १९९० को दशकमा बहुदलीय प्रणाली लागू भएपछि दाताहरूको उपस्थिति त्यत्तिकै बढ्यो । तिनको सल्लाहअनुसार उदारीकरण र विश्वव्यापीकरणको मार्ग अपनाइयो । हाम्रो कृषि क्षेत्रमा यथेष्ट नीतिगत र संरचनागत परिवर्तन पनि गरियो । परम्परागत कृषि उत्पादन प्रणालीबाट आधुनिक प्रणलीमा जाने जमर्को पनि गरियो। तर दुर्भाग्यवश आत्मनिर्भरता र निर्यातमुखी हुनुको सट्टा आयातमुखी र परनिर्भरतामा धकेलियो । अझ संघीयता लागू भएपछि स्थानीय तहसम्म पुगेका दातृसंस्था, गैरसरकारी संस्था (एनजीओ) र अन्तर्राष्ट्रिय संस्थाहरूले छरितो रूपमा फल्ने उच्च उत्पादन दिने हाइब्रिड बीउ तथा रासायनिक मल र विषादी प्रयोगलाई प्रवर्द्धन गर्न प्रेरित गरे। हाम्रा समस्त कृषिका संयन्त्रहरू त्यतै मोडिए। ती अभ्यासहरू अल्पकालमा पारिश्रमिक, आर्थिक र प्राविधिक रूपमा सजिलो भए तापनि दीर्घकालीन हिसाबले फलदायी देखिएका छैनन्। आज कृषि हेयको पेसाको रूपमा रूपान्तरित भएको छ भने समाज बहुराष्ट्रिय कम्पनीका उपभोक्ताका रूपमा रूपान्तरित भएका छन् । कतिपय परियोजनाहरू कामचलाउ र सतही समाधानमा सीमित रहेको पाइएको छ । दाताहरूले आफ्ना कार्यक्रमहरू लागू गर्ने, कागजात तयार गर्ने, तथ्यांक मिलाउने र बजेट खर्च गर्नेमा सक्रियता देखाउने पाइएको छ भने वास्तविक कृषि क्षेत्रको विकास, स्थानीय समुदायहरूको आवश्यकता र किसानहरूको दैनिक समस्या समाधानमा तिनले पर्याप्त चासो नदेखाएको अध्ययनले देखाएको छ । यदि नेपालको नीति निर्माताहरूले आन्तरिक आवश्यकताको स्पष्ट पहिचान गरी वैदेशिक सहायता कसरी र कुन लक्ष्यका लागि परिचालन गर्ने भन्नेमा दूरदर्शी भूमिका खेल्थे भने वैदेशिक वित्तीय र प्राविधिक सहायता बढी गुणस्तरीय र प्रभावकारी परिणाम दिन सक्थ्यो । तर व्यवहारमा दाताहरूका चासो र राष्ट्रिय प्राथमिकताहरूबीच तालमेल कमजोर रहेको छ। दाताहरूले चाहेको क्षेत्र र स्थानीय आवश्यकता बीचको समन्वय अभावले परियोजनाहरूको प्रभाव सीमित बनाएको छ ।

अधिकांश कृषि विकास सम्बन्धित दस्तावेजहरू तथा नयाँ राष्ट्रिय कृषि विकास रणनीति २०१५-२०३५ समेत संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्यहरूसँग मेल खाने नीतिहरू दस्तावेजको रूपमा तयार पारिए छ। यद्यपि नीति, रणनीति रथा दस्तावेजहरू व्यवहारमा किसान र खाद्यान्न आत्मनिर्भरतालाई मजबुत पार्ने हिसाबले लागू भएका छैनन् । अन्तर्राष्ट्रिय समुदायलाई देखाउन नमुना नीतिहरू तयार गरिए पनि भित्री कार्यान्वयनका लागि स्पष्ट र व्यावहारिक नीति तथा संयन्त्र अझै अभावमा छन् । स्थानीय स्रोत परिचालन, आन्तरिक क्षमता अभिवृद्धि र सुशासन स्थापना गर्नेतर्फ नीति निर्माण र कार्यान्वयनले पर्याप्त साथ पाएन । परिणामतः दिगो कृषि विकासको लक्ष्यप्रति प्रगति सीमित र धीमा रहेको पाइएको छ।

सरकारले एकीकृत रूपमा वैदेशिक सहायता लिन्छ। र अर्थ मन्त्रालयले कृषि मन्त्रालयको वार्षिक लक्ष्यबमोजिम तीन तहकै संघीय, प्रदेश र स्थानीय सरकारका विभिन्न आम्दानी खर्चहरू मार्फत विभिन्न शीर्षक, परियोजना र कार्यक्रमहरू तोकेर कृषिको लागि बजेट परिचालन हुन्छ। किसान समक्ष कृषि अनुदान तथा सहयोगहरू पुग्ने माध्यम पनि यही हो । वैदेशिक सहायता तथा सरकारी सहयोग चाहिँ अनुदान, ऋण, सीप विकास तथा तालिम, जनचेतना तथा गोष्ठी, कृषि औजार, मल तथा बीउबिजनमा भएको सहयोगमार्फत किसान समक्ष पुग्छ। कृषि क्षेत्रमा बजेट, अनुदान र प्राविधिक सहयोगहरू सीधै किसानसम्म पुग्ने व्यवस्था कमजोर र दोहोरिने प्रकृतिको छ । हालको परिस्थितिमा लक्षित स्रोतको १० प्रतिशतभन्दा बढी अंश किसान समक्ष पुग्न नसकेको तथ्य अध्ययनले देखाएको छ । कृषि र कृषकका नाममा छुट्टिएको बजेट ९० प्रतिशत बाटोमै गायब हुन्छ। यसको अधिक लाभ दाता, कर्मचारी र बिचौलियाले लिएका छन् । केही अनुदानको अंश भने विभिन्न सम्मेलन, गोष्ठी तथा कार्यक्रममा सहभागी भई समाजसेवी भनिने नक्कली किसान बनेर पनि फाइदा लिएका छन् । केही मानिसहरू कागजमा मात्र कृषि क्रियाकलाप देखाएर ठगी खान पल्केका छन् ।

राजनीतिक अस्थिरता, नेतृत्वको अल्पकालीन दृष्टिकोण र दीर्घकालीन विकास रणनीति अभावले पनि कृषि विकासलाई कमजोर बनाएका छन् । नीति निर्माताहरू प्रायः दातृ सल्लाहअनुसार नीतिहरू बनाउँछन्। तर ती नीतिहरू स्थानीय वास्तविकता र किसानहरूको व्यावहारिक आवश्यकतासँग मेल खाँदैनन् । दाताहरूले नेपालको विविध भूप्राकृतिक र सामाजिक सन्दर्भ गहिरो रूपमा नबुझेको र नीति निर्माताहरूले स्थानीय आवश्यकतालाई पर्याप्त रूपमा समावेश नगरिरहेको हुनाले समस्यालाई झन् जटिल बनाएको छ । यद्यपि दोष केवल दाताहरूमा राख्नु उचित हुँदैन । आन्तरिक क्षमता, सुशासन र स्पष्ट नीति अभाव नै मुख्य कमजोरी देखिएका छन् ।

स्थानीय स्तरबाट आएको अनुभवमा राज्यले आन्तरिक समस्या र आवश्यकता पहिचान गर्न नसकेको, विद्यमान साधन र ज्ञानलाई संरक्षण गरी समयसापेक्ष विकासको मुख्य धारा पकड्न असफल भएको देखिन्छ । परनिर्भरता र अरूबाट उच्च अपेक्षा गर्ने मनोवृत्ति व्यापक भइसकेको छ। जसले काम गर्ने संस्कृतिलाई पनि असर पुऱ्याएको छ। भूउपयोग नीति र कृषि नीति निर्माणमा दाताहरूको प्रभावले कहिलेकाहीँ स्थानीय बीउबिजन, परम्परागत ज्ञान र उत्पादन पद्धतिहरूलाई अपर्याप्त स्थान दिएको छ । फलस्वरूप उपभोक्ता केन्द्रित प्रवृत्ति बलियो भएको र मौलिक जीवनशैलीमा असर परेको छ। नेपाल सरकारले अनुसन्धान तथा विकासमा खास खर्च गर्न नसक्दा के काम गर्दा केमा कसरी कति लगानी गर्दा के नतिजा आउँछ भन्ने प्रष्ट प्रारूप सरकारसँग छैन । यो अवस्थामा जतिसुकै अनुदान आए पनि जतिवटा नीति निर्माण भए पनि लक्षित उद्देश्य प्राप्त हुँदैन । हाम्रै आन्तरिक क्षमाता अभिवृद्धि नै फितलो पाइन्छ ।

सकारात्मक आर्थिक प्रभावमा सडक, सिँचाइ, श्रम आवागमन, बजार विस्तार, खाद्य उपलब्धता तथा ढुवानी सहजता, कृषि पकेट क्षेत्रको विस्तार, उत्पादन र उत्पादकत्वमा वृद्धि, यान्त्रीकरणमा उल्लेख्य मात्रामा प्रगति, यान्त्रीकरणले कृषिमा युवाहरूको आकर्षण भएका छन्। कृषि क्षेत्र थप अस्थिर हुँदै गएको छ । छिमेकी मुलुकका सस्ता र कमसल खाद्य सामग्रीले बजार कब्जा गर्नु, दिनानुदिन कृषि पेसा महँगो हुँदै जानु, कृषि तथा खाद्य गुणस्तर मापन नहुनु, उत्पादनको साधनको बजार र उत्पादित वस्तुको बजारमा बहुराष्ट्रिय कम्पनीहरूको नियन्त्रणमा जानु, कृषिको लागि डेडिकेटेड बजेट चरम दुरुपयोग हुनुजस्ता नकारात्मक आर्थिक प्रभावहरू परेका छन् ।

जनचेतना बढ्नु, महिला, पिछडिएका जाति र वर्गको सशक्तीकरण हुनु, समाज चलायमान हुनुजस्ता सामाजिक सकारात्मक प्रभावहरू परेका छन् । सामाजिक नकारात्मक प्रभावहरूमा भड्किलो उपभोग प्रवृत्ति बढ्ने, गाउँ छोडेर सहर पस्ने प्रबृत्ति बढ्ने, सामान्य नागरिक पनि आशामुखी हुने, आन्तरिक परम्परा नास गर्ने, पुस्तौंबाट चलिआएको ज्ञान सीप, अन्नबाली, उत्पादन, र उपभोग्य वस्तुहरू नास गर्ने र बहुराष्ट्रिय कम्पनीका उत्पादनलाई पृष्ठपोषण गर्ने काम भएको छ। यसैगरी नेपालको मौलिक जीवन पद्धति, रैथाने ज्ञान, उत्पादन र संस्कृतिलाई ध्वस्त गरेर केवल उपभोक्तामा परिणत गर्न अधिक भूमिका खेलेको पाइन्छ।

सकारात्मक वातावरणीय प्रभावहरूमा सरकारी नीतिमा मौसम परिवर्तनसँग समायोजन हुने कृषि प्रणाली अपनाउने, जैविक विविधता संरक्षण गर्ने जस्ता राम्रा-राम्रा नीतिहरू अवलम्बन गरेको छ। तर व्यवहारमा र स्थानीय स्तरमा ठीक उल्टो असर परेको छ । वातावरणमा ज्यादै नकारात्मक असर परेको छ। स्थानीय बीउबिजन लोप हुने र जैविक विविधता लोप हुने क्रम तीव्र छ । कृषि जैविक मल, रैथाने बीउबिजन र कृषि उत्पादनमा स्थानीय स्वायत्तता गुमेको छ। रासायनिक मल र विषादीको अत्यधिक प्रयोगले माटो, पानी, वातावरणमा नराम्रो असर परेको छ। समयमा पानी पर्न छोडेको छ। कृषि यन्त्रको प्रयोगले पेट्रोलियम पदार्थको माग धेरै बढेको छ । पशुपालन घटेको छ र जैविक मलको उत्पादन पनि घटेको छ। जसको असर कृषिमैत्री सूक्ष्म जीवाणु, पोलिनेटर (पराग संवाहक), बोटबिरुवा, पशुपंक्षी, मानव स्वास्थ्यमा प्रतिकूल असर परेको छ ।

वास्तवमा सरकारले स्थानीय सरकारलाई स्वयत्तता दिएर वित्तीय तथा प्राविधिक सहायता दिने र किसानको समस्या बुझेर आवश्यक नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नुपर्छ। दाताहरू र नीति निर्माताहरूले हिमाल, पहाड र तराईभित्रका विभिन्न कृषि क्षेत्र र खण्डहरूको सूक्ष्म स्तरको परिस्थिति बुझ्नुपर्छ । फरक हावापानी भएको एउटै स्थानीय तहमा पनि एकल नीतिले काम गर्न सक्दैन । स्थानीय वस्तुस्थिति र समस्या दाताहरू र देशका नीति निर्माताहरूले बुझेको भन्दा फरक छ । एक त अधिकांश ग्रामीण इलाकामा छरिएर रहेका व्यक्तिगत टुक्राटुक्रा जमिनहरूमा छरिएर रहेको बस्ती छ । त्यस्ता बस्तीमा बस्ने सबै परिवार कृषि पेसामा संलग्न छन्। पहिले जमिन खण्डीकरण र कृषियोग्य जमिन निश्चित गर्नुपर्छ । सरकारको नीति नै व्यावसायिक रूपमा कृषि क्रियाकलाप गर्नेलाई मात्र कृषि सहायता दिइन्छ । जुन कुरा विद्यमान अवस्थामा स्थानीय साना किसानहरूमा सम्भव छैन। परिवारको सदस्यको वृद्धिसँगै जमिन खण्डीकरण नेपालमा तीव्र रूपमा बढेर ठूलो समस्याको रूप लिएको छ। नेपालमा जमिनलाई प्राकृतिक साधनको रूपमा भन्दा पनि सुन, नगद, घर तथा गाडीजस्तै अचल सम्पत्ति सरह मानिन्छ। वास्तवमा जमिन उत्पादनको साधन हो, राज्यले उत्पादनको साधनकै रूपमा स्थापित गराउन सक्नुपर्छ । नीतिगत रूपमा कृषि जमिनलाई कृषि उद्यमको लागि सहज बनाउन सक्नुपर्छ । यदि नेपालले आन्तरिक क्षमता अभिवृद्धि, पारदर्शिता, स्थानीय सहभागिता र वास्तविक विविधतालाई आत्मसात् गर्ने नीतिहरू अघि बढायो भने वैदेशिक सहायता बलियो, गुणस्तरीय र दीर्घकालीन लाभदायी बन्न सक्छ । त्यही बाटोमा केन्द्रित भएर नेपालले आफ्ना कृषि प्रणालीलाई दिगो, आत्मनिर्भर र वातावरणमैत्री बनाउने सम्भावना बोकेको छ ।


गौर प्राथमिक कान उपचार केन्द्र

गौर - १, रौतहट

यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं - + ९७७ ९८५११९१०५०, ९८४४४४४३४७

इंडियन नं :- +91 8935959150

सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ, शिवालय मंदिर से उत्तर

## अन्तराष्ट्रिय समाचार

# पुटिन भारतमा : मोदीसँग रक्षा र व्यापार वार्ता हुने

नयाँदिल्ली - रुसका राष्ट्रपति भ्लादिमिर पुटिन दुई दिने भारत भ्रमणका लागि भारतको राजधानी दिल्ली आइपुगेका छन्। विश्वले विशेष चासोका साथ हेरेको यस भ्रमणका क्रममा रूस र भारतबीच रक्षा सम्बन्धलाई गहिरो बनाउने उद्देश्य रहेको बताइएको छ।

नयाँदिल्लीले मस्कोबाट तेल खरिद गर्न रोक्नका लागि अमेरिकाको कडा दबाबको सामना गरिरहेको छ।

युक्रेन युद्धपछि भारतको पहिलो भ्रमणमा रहेका पुटिनसँगै उनका रक्षामन्त्री एन्ड्रे बेल्उसोभ पनि सहभागी छन् । भारतमा लडाकु विमान तथा हवाई रक्षा प्रणालीसम्बन्धी सम्भावित सम्झौताहरूमा छलफल हुने अपेक्षा गरिएको छ।

भारत आइपुगेपछि पुटिनले भनेका छन्, "म 'मेरो मित्र' मोदीलाई भेट्न पाउँदा 'धेरै खुसी' छु।"

"भारतसँग हाम्रो सहयोगको दायरा विशाल छ," उनले रूसी भाषामा भनेका छन् । सहयोगको दायरामा जहाज र विमान निर्माण, आणविक ऊर्जा र अन्तरिक्ष अन्वेषणलगायतका क्षेत्रलाई समेटिएको इन्डिया टुडेले भारतीय तथा रूसी अधिकारीलाई उद्धृत गर्दै लेखेको छ।

भारतीय प्रधानमन्त्रीले पनि आफ्ना मित्र तथा रूसी राष्ट्रपति पुटिनलाई भारतमा स्वागत गर्न पाउँदा आफू 'अत्यन्तै खुशी" भएको बताएका छन्।



मोदी र पुटिनबीच दुवै देशका प्रतिनिधिसहित शिखर बैठक हुनेछ। भारतले रणनीतिक रुसी तेल आयातमा निर्भर रहँदै जारी भन्सार शुल्क वार्ताको क्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई उत्तेजित नगर्ने प्रयास गरिरहेको बेला व्यापारिक सम्बन्ध प्रमुख रूपमा अगाडि आउने अपेक्षा गरिएको छ।

क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले रुसको उन्नत एस-४०० हवाई रक्षा प्रणालीको भारतमा आपूर्ति विस्तार गर्ने एजेन्डामा वार्ता केन्द्रित रहने बताएका छन्।

भारतीय सञ्चारमाध्यमका रिपोर्ट अनुसार मस्कोले रुसको एसयु-५७ लडाकु विमानको सह-उत्पादनको प्रस्ताव गर्नेछ।

भारत विश्वको शीर्ष हतियार आयातकर्ता मध्ये एक हो र रुस लामो समयदेखि एक प्रमुख आपूर्तिकर्ता रहँदै आएको छ।

स्टकहोम अन्तर्राष्ट्रिय शान्ति अनुसन्धान संस्थानका अनुसार, भारतको हतियार आयातमा रुसको हिस्सा २००९-१३ मा ७६ प्रतिशतबाट घटेर २०१९-२३ मा ३६ प्रतिशतमा पुगेको छ।

अगस्टमा अमेरिकी राष्ट्रपति ट्रम्पले दिल्लीले रुसको तेल निरन्तर खरिद गरिरहेको भन्दै अधिकांश भारतीय उत्पादनहरूमा ५० प्रतिशत भन्सार शुल्क लगाएपछि रूसी नेता पुटिनको भ्रमण हुन लागेको हो । यसले पनि विश्वको ध्यान खिचेको छ।

विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको भारत, रुसको तेलको प्रमुख खरिदकर्ता बनेको छ । जसले भारतलाई अर्बौं डलर बचत गराएको छ भने युद्धका कारण युरोपका परम्परागत खरिदकर्ताबाट अलग भएपछि मस्कोलाई एक अत्यन्त आवश्यक निर्यात बजार प्रदान गरेको छ।

संवेदनशील क्षण -

भारतीय परराष्ट्र मन्त्रालयका एक वरिष्ठ अधिकारीले नाम नबताउने सर्तमा भनेका छन्, "व्यापार असन्तुलनलाई 'जे भए पनि' सम्बोधन गर्नु आवश्यक छ।'

द्विपक्षीय व्यापार सन् २०२४/२५ मा ६८.७ अर्ब डलर पुगेको छ जुन महामारी अघिको स्तरभन्दा लगभग छ गुणा बढी हो । तर भारतीय निर्यात केवल ४.८८ अर्ब डलर मात्र रहेको थियो।

भारतले औषधि, सवारी साधन (अटोमोबाइल) र सेवा क्षेत्रलगायत आफ्ना प्रमुख उद्योगका लागि बजार पहुँच विस्तार गर्न मस्कोमाथि दबाब दिँदै आएको छ।

किङ्स कलेज लन्डनका अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक हर्ष वी पन्तले भनेका छन्, "यो भ्रमण 'दुवैका लागि एक महत्त्वपूर्ण भू-राजनीतिक क्षणमा आफ्नो सम्बन्धलाई पुनर्स्थापना गर्ने' एक प्रयास हुनेछ।

भारतीय परराष्ट्र मन्त्रालयका एक अधिकारीले मस्को र दिल्लीबीचको सम्बन्धलाई 'आधुनिक समयको सबैभन्दा स्थिर सम्बन्ध' का रूपमा वर्णन गरेका छन् ।

ती अधिकारीले विश्वव्यापी भू-राजनीतिक महत्त्वलाई स्वीकार गर्दै बैठकलाई 'केवल अर्को वार्षिक शिखर सम्मेलन' को रूपमा हेरिनुपर्ने कुरामा जोड दिएका छन्।

## राजदूत........

उठाउँदै गत असोज ३० गते ११ देशका राजदूतहरूलाई फिर्ता बोलाउने निर्णय गरेको थियो । तर, सर्वोच्च अदालतले कात्तिक १६ गते अन्तरिम आदेश जारी गर्दै मुद्दाको टुंगो नलाग्दासम्म सो निर्णय कार्यान्वयन नगर्न भनेपछि सरकारले उनीहरूलाई मन्त्रालयमा हाजिर भएर कामकाज गर्न बोलाएको थियो।

राजीनामा नदिने राजदूतहरू शैल रुपाखेती (जर्मनी), धनप्रसाद पण्डित (इजरायल), नरेशविक्रम ढकाल (साउदी अरब), शनिल नेपाल (स्पेन) र डा. दुर्गाबहादुर सुवेदी (जापान) भने हाल मन्त्रालयमा दैनिक हाजिर भई सर्वोच्चको मुद्दाको अन्तिम फैसलाको प्रतीक्षा गरिरहेका छन्।

## तेजापाकडमा ग्यास सिलिन्डर विस्फोट, दुई घर नष्ट घटना स्थलको अनुगमन गर्न शेख सगिर आलम पुगेका



***मेवालाल यादव***
***रौतहट, १८ मंसिर***

परोहा नगरपालिका-३ तेजापाकडस्थित नरेश साह र उमाशंकार साहको घरमा ग्यास सिलिन्डर विस्फोट हुँदा दुबै घर जलेर पूर्ण रूपमा नष्ट भएका छन्।

आगलागीबाट करिब रु. ८ लाख ७५ हजार बराबरको क्षति भएको पीडित परिवारले जनाएको छ।

घटना स्थलको अनुगमन गर्न रौतहट क्षेत्र-२ का सांसद उम्मेदवार शेख सगिर आलम पुगेका थिए।

अनुगमन क्रममा उनले पीडित परिवारको घर पूर्ण रूपमा जलेर नष्ट भएको र तत्काल राहत तथा पुनःस्थापनाको आवश्यकता रहेको बताएका छन्।

आगलागीमा घरसंगै कपडा-लत्ता, खाद्यान्न, गृहसामग्री र अन्य मूल्यवान वस्तुहरू जलेर क्षति भएको छ । स्थानीयवासी र प्रहरीको सहयोगमा आगो नियन्त्रणमा ल्याइएको थियो।

**जनहितमा जारी सन्देश**

**महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन्। कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।**

**यमुनामाई गाउँपालिका**
**सरुअठा, रौतहट**







**महागढीमाई नगरपालिकाद्वारा जनहितमा जारी सन्देश**

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन संहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

**महागढीमाई नगरपालिकाको कार्यालय, बरियारपुर, बारा**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# मधेस प्रदेशको नयाँ मुख्यमन्त्रीमा कृष्णप्रसाद यादव नियुक्त

*हरिकिशोर शर्मा*
*पर्सा, २८ मंसिर*

मधेस प्रदेशको मुख्यमन्त्री पदका लागि नेपाली कांग्रेस मधेस प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद यादव नियुक्त भएका छन् । प्रदेश प्रमुख सुरेन्द्रलाल कर्ण समक्ष विभिन्न दलहरूको समर्थनसहित दाबी पेश गरेपछि उनलाई औपचारिक रूपमा मुख्यमन्त्रीमा नियुक्त गरिएको हो ।

नयाँ सरकार गठनका लागि मधेस प्रदेशका छ राजनीतिक दल– नेपाली कांग्रेस, जसपा नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, नेकपा ( एकीकृत समाजवादी) र लोसपा नेपाल –को साझा बैठक बसेर यादवलाई मुख्यमन्त्री बनाउने निर्णय गरिएको बताइएको छ ।

यी दलहरूको संयुक्त समर्थनमा ७७ जना प्रदेशसभा सदस्यको हस्ताक्षर



रहेको पत्र प्रदेश प्रमुखकहाँ पेस गरिएको थियो ।

उक्त पत्रमा नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम "दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त सरकार गठन" गर्ने प्रक्रिया अनुरूप दाबी पेश गरिएको उल्लेख छ ।

संविधानअनुसार मङ्सिर १७ गते प्रदेश प्रमुखको आह्वानपछि, सोही प्रक्रियाअनुसार ६ दलको तर्फबाट नेता यादवले दाबी पेस गरेका थिए ।

यससँगै मधेस प्रदेशमा नयाँ सरकार गठनको प्रक्रिया अगाडि बढेको छ, जहाँ यादवले छ दलको साझा नेतृत्वमा सरकार सञ्चालन गर्नेछन् ।

# जसपा नेपाल बारा द्वारा जिल्ला प्रशासन अगाडि शान्तिपूर्ण धर्ना, संविधानदेखि किसानका हकसम्म १० बुँदे माग

*शु.आ. सम्बाददाता*
*बारा, १८ मंसिर*

जनता समाजवादी पार्टी, नेपाल ( जसपा नेपाल) बाराले देशको हालको राजनीतिक, आर्थिक र सामाजिक अवस्थालाई ध्यानमा राख्दै जिल्ला प्रशासन कार्यालय, बाराको अगाडि शान्तिपूर्ण धर्ना प्रदर्शन सुरू गरेको छ । पार्टीले विभिन्न संरचनागत परिवर्तनदेखि किसानका हकहितसम्मका माग राख्दै केन्द्र सरकारलाई तत्काल ध्यानाकर्षण गराएको हो ।

जसपा नेपालले लामो समयदेखि उठाउँदै आएको १० बुँदे माग औपचारिक रूपमा धर्ना स्थलबाट संविधान संशोधन तथा पुनर्लेखन गर, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र कायम गर ,स्थानीय तहलाई प्रादेशिक क्षेत्राधिकारभित्र व्यवस्थित गर , जनताद्वारा निर्वाचित प्रत्यक्ष कार्यकारी राष्ट्रपति व्यवस्था लागू गर , किसानहरूलाई सहुलियत दरमा कृषि ऋण उपलब्ध गरब, प्रदेशहरूमा प्रहरी र कर्मचारी समायोजन तत्काल लागू गरव, नेपाल सरकारद्वारा हुने राजनीतिक नियुक्तिमा भागबन्डाको



अन्त्य गरब, उखु किसानको भ्याट रकममध्ये ३५% तत्काल भुक्तानी गरब, मल-खादको सहज उपलब्धता सुनिश्चित गर र जनजीवन प्रभावित हुने मनपरी कर प्रणाली र महँगी नियन्त्रण गर माग अगाडि सारिएको छ ।

धर्नामा सहभागी जसपा नेपाल बारा नेता रामबाबु यादवले "प्रदेश र स्थानीय तह सशक्त बन्ने हो भने संविधानमा सुधार अपरिहार्य छ । किसान, मजदुर, सीमान्तकृत समुदायका माग सम्बोधन नगरी देश स्थिर हुन सक्दैन ।"

जिल्ला प्रशासन अगाडि गरिएको धर्नामा पार्टीका नेता-कार्यकर्ता, किसान तथा स्थानीय सर्वसाधारणको उल्लेख्य उपस्थिति थियो ।

जसपाले चेतावनी दियो माग पूरा नभए आन्दोलनका कार्यक्रम थप कडा रूप मा अघि बढाइनेछ ।

# नारायणी अस्पताल र कलैया प्रादेशिक अस्पतालमा औषधि खरीद प्रक्रियामा घोटाला

*बिरगंज, १८ मंसिर*

नारायणी अस्पताल र कलैया प्रादेशिक अस्पतालमा औषधि खरीद प्रक्रियामा वर्षौंदेखि नियोजित घोटाला हुँदै आएको खुलेको छ । अस्पताल प्रशासन, लेखापाल र स्टोरकीपरको मिलेमतोमा लाखौं-करोडौं रुपैयाँ बराबरको अनियमितता भइरहेको स्रोतले दाबी गरेको हो । स्रोतका अनुसार अस्पतालले औषधि खरीदका लागि देखावटी रूपमा ठेक्का आह्वान गर्ने तर ठेक्का पाएका आपूर्तिकर्ताबाट औषधि वास्तविक रूपमा नलिइने प्रवृत्ति लामो समयदेखि चल्दै आएको छ । बरु, सोही औषधि अन्य आपूर्तिकर्ताबाट कोटेशनमार्फत महँगो मूल्यमा खरीद गर्दै बढी कमिशन उठाउने गरिएको छ ।

नारायणी र कलैया अस्पतालमा औषधि खरीदका लागि हरेक वर्ष करोडौंको ठेक्का लागे पनि औषधि मुख्यत: कोटेशन प्रणालीमार्फत खरीद हुने गरेको छ । नारायणी अस्पतालमा झण्डै रु ६ करोड र कलैया अस्पतालमा रु ४ करोड बराबरको औषधि ठेक्का गरिए पनि औषधि सूची हेर्दा अधिकांश सामान कोटेशनमार्फतै खरीद गरिएको




भेटिन्छ । कमिशनकै खेल : १०% देखि ४०% सम्म अस्पतालमा कमिशन मुख्य प्रलोभन बनेको छ । ठेक्काबाट औषधि खरीद गर्दा १०% जति मात्रै कमिशन पाइने तर कोटेशनमार्फत बढी बिल बनाएर औषधि खरीद गर्दा ४०% सम्मको कमिशन उठाउने गरिने यही कारणले मेसु (अस्पताल प्रमुख), लेखापाल र स्टोरकीपरको प्रत्यक्ष मिलेमतोमा ठेक्का पद्धति पन्छाइ कोटेशन प्रक्रियालाई प्राथमिकता दिने गरिएको बताइन्छ । बीमा कार्यक्रम र फार्मेसीका लागि मात्र नभई डायलासिस, आइसियू, एनआइसियू, आमा सुरक्षा कार्यक्रम, एक्सरे, भिडिओ एक्सरेका लागि आवश्यक औषधि र सामग्री खरीदमा समेत यस्तै अनियमितता दोहोरिने गरेको छ । यी क्षेत्रमा पनि बढी कमिशन पाउने प्रलोभनमा महँगो दररेटको सामान खरीद हुने गरेको छ । स्रोतहरूका अनुसार नारायणी अस्पतालमा विगतका वर्षहरूदेखि औषधि घोटाला दोहोरिँदै आएको भए पनि संबन्धित निकायले आजसम्म प्रभावकारी छानबिन थालेको छैन । स्थानीयवासी र स्वास्थ्यकर्मीहरूले अस्पताल प्रशासनमा भएको मिलेमतो र अकुत कमिशनको खेल तत्काल छानबिन गरी कारबाही गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् । सँम्भार: यात्रा डेली

# २२ औं महिला स्वास्थ्य तथा स्वयंसेविका दिवस भव्य रुपमा सम्पन्न

*शु. आ. सम्बाददाता*
*रौतहट, १८ मंसिर*

जिल्लाको राजदेवी नगरपालिका ९ ब्रह्मपुरीस्थित स्वास्थ्य चौकीको प्राङ्गनमा २२औं महिला स्वास्थ्य तथा स्वयंसेविका एफएचडब्ल्यूभी दिवस सभ्य तथा भव्य रूपमा मनाइएको छ । कार्यक्रममा नगर प्रमुख भिखारी प्रसाद यादव प्रमुख अतिथि रहेका थिए । साथै समाजसेवी पवन साह, नविन सिंहसहित स्थानीय सरोकारवाला तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख यादवले महिला स्वास्थ्य तथा स्वयंसेविकाहरूलाई सामुदायिक स्वास्थ्य सेवाका मेरुदण्ड भनेर उल्लेख गरे । उनले भने नगरपालिकाले वर्षौंदेखि समुदायमा स्वास्थ्य सेवा पुऱ्याउन अग्रपंक्तिमा रहँदै काम गर्नुभएका स्वयंसेविकाहरूको योगदान अतुलनीय छ । आगामी दिनमा पनि नगरपालिकाले स्वास्थ्य स्वयंसेविकाको क्षमता विकास तालिम तथा आवश्यक सुविधा विस्तारमा विशेष ध्यान दिनेछ । यादवले मातृ-शिशु स्वास्थ्य संरक्षण, पोषण, खोप अभियान, रोग नियन्त्रणजस्ता क्षेत्रमा स्वयंसेविकाहरूले देखाउँदै आएको समर्पणलाई उच्च सम्मान व्यक्त गरे ।



महिला स्वास्थ्य तथा स्वयंसेविकाहरूको योगदानलाई उच्च सम्मान गर्दै वक्ताहरूले सामुदायिक स्वास्थ्य सेवा प्रवर्द्धनमा उनीहरूको भूमिका महत्वपूर्ण रहेको बताएका छन् । स्थानीय स्तरमा स्वास्थ्य सेवा विस्तार, सचेतना कार्यक्रम, मातृ-शिशु स्वास्थ्य सेवा लगायतका क्षेत्रमा स्वयंसेविकाहरूले पुर्याएको योगदानको उच्च प्रशंसा गरिएको थियो । वक्ताहरूले पनि समुदायमा स्वास्थ्य सचेतना फैलाउन स्वयंसेविकाहरूले खेलेको भूमिकालाई प्रशंसनीय बताउँदै निरन्तरता तथा सहयोग आवश्यक रहेकोमा जोड दिए ।

कार्यक्रम विभिन्न सम्मान तथा अन्तरक्रियासहित सफलतापूर्वक सम्पन्न भएको थियो ।

# कृष्णानगरमा बहादुरगंज आंखा अस्पतालको नयां सेवा संचालन मंसिर २६ सम्म निःशुल्क आंखा परीक्षण

अजय मिश्र
कपिलवस्तु , १९ मंसिर

नेपाल नेत्रज्योति संघअन्तर्गत सञ्चालित बहादुरगञ्ज आँखा अस्पतालले कृष्णनगर नगरपालिका-१, कृष्णनगर बजारमा नयाँ व्यवस्थापनसहित 'आँखा उपचार तथा सर्जिकल सेवा केन्द्र' सञ्चालनमा ल्याउने भएको छ । स्थानीय तहमा सहज, गुणस्तरीय र सर्वसुलभ आँखा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यसहित यही मंसिर २० गतेदेखि केन्द्रको नियमित सेवा प्रारम्भ हुने छन्द (काले बाबू) नारायणी आँखा अस्पताल, बहादुरगञ्जका वरिष्ठ प्रशासकीय अधिकृत जसराज विश्वकर्माले जानकारी दिए ।

सेवा प्रारम्भसम्बन्धी नेपाल नेत्रज्योति संघका आजीवन सदस्य नसरुल्लाह खान, अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कृष्णकुमार गिरी, अस्पताल प्रशासन प्रमुख डा.शमशेर थापा, वरिष्ठ प्रशासक जसराज विश्वकर्मा तथा सूचना अधिकृत बन्तुराम खड्काद्वारा संयुक्त रूपमा सार्वजनिक गरिएको हो ।

नवसञ्चालित सेवा केन्द्रमार्फत आँखा उपचार, परामर्श सेवा, नियमित




परीक्षण तथा आवश्यक सर्जिकल सेवा उपलब्ध हुने छ । विशेषतः मोतीबिन्दु लगायतका जटिल आँखाका रोगहरूको प्रारम्भिक परीक्षण पूर्णरूपमा निशुल्क हुने नेपाल नेत्रज्योति संघ, आँखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगञ्ज अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कृष्णकुमार गिरीले बताए । मंसिर २० देखि मंसिर २६ गतेसम्म निःशुल्क आँखा परीक्षण तथा मोतीबिन्दु रोगी सूचीकृत अभियान सञ्चालन गरिनेछ । आवश्यकता अनुसार रोगीलाई बहादुरगञ्ज आँखा अस्पतालमा रेफर गरी सर्जिकल उपचार उपलब्ध गराइने आँखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगञ्जका प्रमुख प्रशासक डा.शमशेर थापाले बताएका छन् ।

सेवा तथा कार्यक्रमसम्बन्धी थप विवरणका लागि छन्द (काले बाबू) नारायणी आँखा अस्पताल, बहादुरगञ्जमा सम्पर्क गर्न सकिने अस्पतालका सूचना अधिकारी बालाराम खड्काले बताए ।

# फिर्ता बोलाइएका ११ मध्ये ६ जना राजदूतले दिए राजीनामा, सबैको राजीनामा स्वीकृत

*काठमाडौं, १८ मंसिर*

सरकारले परराष्ट्र मन्त्रालयमा कामकाज गर्ने गरी फिर्ता बोलाएका ११ जना राजदूतमध्ये ६ जनाले पदबाट राजीनामा दिएका छन् ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीका अनुसार राजीनामा दिएका सबै ६ जना राजदूतको राजीनामा सरकारले स्वीकृत गरिसकेको छ । पछिल्लो समय रुसका लागि नेपाली राजदूत जंगबहादुर चौहान र मलेसियाका लागि नेपाली राजदूत डा.नेत्रप्रसाद तिमल्सिनाले राजीनामा दिएका हुन् । यसअघि अमेरिकाका लागि लोकदर्शन




रेग्मी, चीनका लागि कृष्णप्रसाद ओली, बेलायतका लागि चन्द्रकुमार घिमिरे र कतारका लागि रमेशचन्द्र पौडेलले राजीनामा दिईसकेका थिए । सरकारले उनीहरूको कार्यप्रगतिमाथि प्रश्न

*बाँकी तेश्रो पृष्ठमा*

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा